## श्री उच्च अदालत पोखरामा पेश गरेको

### निवेदन पत्र

विषय:- एक पक्षीय सुनुवाईका आधारमा भएको आदेश रद्ध गरी पाउँ।

पोखरा महानगरपालिका नगरकार्यपालिकाको तर्फबाट अख्तियार प्राप्त नगर प्रमूख धनराज आचार्यको वारिस पोखरा म.न.पा. नगरकार्यपालिकामा सहायक स्तर चौथो पदमा कार्यरत सोमनाथ लम्साल ........................................................................१ — निवेदक पक्ष

### विरुद्ध

वागमती प्रदेश काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४ कलंकीमा केन्द्रीय कार्यालय रहेको मानव सेवा फाउण्डेशन नेपाल -१, गण्डकी प्रदेश कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ सृजनाचोक स्थित मानवसेवा फाउण्डेशन नेपाल पोखरा शाखाका तर्फबाट अख्तियार प्राप्त ऐ. फाउण्डेशनका अध्यक्ष गुल्मी जिल्ला धुर्कोट गा.पा. वडा नं. ५ बस्ने मनिराम भण्डारीको छोरा बर्ष ३७ को विजय भण्डारी ..............................................१ — विपक्ष रिट निवेदक

मुद्दा:- उत्प्रेषण परमादेश समेत।

यस उच्च अदलत पोखराबाट मिति २०८१।११।१ मा भएको अन्तरिम आदेशको जानकारी मिति २०८१।११।११ मा प्राप्त भएकोमा उक्त अन्तरिम आदेश बदर गरी पाउँन उच्च अदालत नियमावली २०७३ को नियम ४२(ग) का आधारमा रु. १०।– साथै राखी निम्न लिखित ब्यहोराको निवेदन प्रस्तुत गरिएको छ।

१. बिपक्षी रिट निवेदकले कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ६ स्थित नेपाल ट्रष्टको नाउँमा रहेको कित्ता नं. १७६२ र १७६३ को करिव ४० रोपनी जग्गा एवं गण्डकी प्रदेश सरकार उद्योग तथा पर्यटन मन्त्रालय, पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको मिति २०८१।०९।२१ को पत्र वमोजिम पोखरा -६ स्थित क्याम्पिङ क्षेत्रको जग्गामा अस्थायी संरचना निर्माण गर्न सहमती लिई मिति २०८२ साल

मस्यौदाकार
अधिवक्ता सुकदेव गौतम प्र.प.नं. ६९२०

वैशाख १७ देखी जेष्ठ २६ सम्म श्री गण्डकी सत (सय) कुण्डीय गायत्री कोटी होम विराट महायज्ञ २०८२ गर्न लागेकोमा पोखरा महानगरपालिकाले दाउरा, समिधा लगायतका सामान जफत गरी लगि कोटिहोम रोकन भनेको हुँदा पोखरा महानगरपालिकाको मिति २०८१।१०।१० र २०८१।१०।२५ का पत्रहरु उत्प्रेषणको आदेशले वदर गरी महायज्ञ संचालन गर्न दिएको अनुमती रद्ध नगर्नु, नगराउनु, निर्विवाद संचालन हुन दिनु भन्ने परमादेशको आदेश जारी गरी विषयबस्तुको गम्भिर्यतालाई हेरी निर्णय नहुँदा सम्मको लगि अन्तरिम आदेश जारी गरी पाउँ भन्ने मिति २०८१।१०।३० मा दायर रिट निवेदन उपर मिति २०८१।११।१ मा एकपक्षिय सुनुवाई गरी पोखरा म.न.पा. वडा नं. ६ को कार्यालयले मिति २०८१।८।९ मा अनुमती दिएको, नेपाल ट्रष्टको कार्यालयबाट कित्ता नं. १७६२ र १७६३ का जग्गा भाडामा लिएको देखिएको, पर्यटन उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय पोखराबाट मिति २०८१।०९।२१ मा सहमती प्रदान गरेको, निवेदकले नेपाल ट्रष्टको नाउँमा जम्मा गरेको रकम फिर्ता गर्ने र कार्यक्रम रद्ध गर्ने कुनै कानूनी आधार नभएको भन्ने मिति २०८१।१०।२८ को नेपाल ट्रष्टको पत्र र कोटिहोम विराट ज्ञान महायज्ञ संचालन गर्दा कुनै हानी नोक्सानी पुग्न गएमा क्षति व्यहोर्न तयार रहेको भन्ने प्रतिवद्धता समेत वरिष्ठ अधिवक्ता मार्फत इजलासमा अभिव्यक्त भएको आधार समेतबाट Principle of balance of convinence समेतका दृष्टिले निवेदेक द्वारा आयोजना गर्न लागिएको विराटा कोटिहोम ज्ञान महायज्ञ संचालनमा कानून वाहेक कुनै वाधा अवरोध उत्पन्न नगर्नु नगराउनु भन्ने अन्तरिम आदेशले निवेदकको क्षत्राधिकार अन्तर्गतको काम गर्न रोकावट भएको, फेवातालको संरक्षण गर्न, वातावरण, पर्यावरण, पर्यटन क्षेत्रमा काम गर्न अवरोध पुगेको र यसै सम्मानित उच्च अदालत पोखरा र सर्बोच्च अदालतबाट भएका आदेश, निर्णय, फैसला कार्यान्वयन गर्ने क्रममा अवरोध उत्पन्न भएको हुँदा मिति २०८१।११।१ मा एक पक्षिय सुनुवाईका आधारमा भएको अन्तरिम आदेश रद्ध गर्न प्रस्तुत निवेदन गर्नु पर्ने वाध्यात्मक अबस्था सृजना भयो।

२. निवेदकले कोटिहोम विराट ज्ञान महायज्ञ गर्ने भनिएको क्षेत्र नेपाल सरकार भूमी व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयले मिति २०७७।११।१७ मा राजपत्रमा प्रकाशन गरेको फेवातालको चार किल्ला र सिमाना तोकिएको क्षेत्र भित्र पर्दछ भने फेवाताल संरक्षणका सम्बन्धमा यसै सम्मानित अदालतमा दर्ता भई निर्णय भएका एवं निर्देशनात्मक आदेश जारी भएका मु.नं. ०७८-WO-१३५८, मु.नं. ०७९-WO-०१०५ समेतका मुद्दाको विषयवस्तु र क्षेत्र संग सम्बन्धित क्षेत्र हुनुका साथै सम्मानित सर्बोच्च अदालतवाट भएका नि.नं. १००८६, ८५२१ र ७६९५ समेतका मुद्दामा भएका निर्णय तथा फेवाताल र यसको जलाधार क्षेत्र संरक्षण सम्बन्धमा विभिन्न समयमा भएका अध्ययन, प्रतिबेदन, छलफल, पोखराको भौतिक विकास योजना २०३१, पोखरा नगर पंचायतको भौतिक विकास योजना (२०४४-२०४९), फेवातालको वातावरण सुरक्षा सम्बन्धि अध्ययन प्रतिबेदन १९९३, फेवाताल संरक्षण निर्देशीका २०५१, जाईका र नेपाल अध्ययन

प्रतिवेदन २०५८, फेवाताल क्षेत्रमा मापदण्ड सम्बन्धि निर्णयहरु २०३३-२०७८ सम्म, ताल तलैयाको संरक्षण सम्बन्धी कार्ययोजना २०७०, विश्वप्रकाश लामिछाने एवं पुण्य प्रसाद पौडेल नेतृत्वको सिमांकन समितिको प्रतिवेदन, फेवातालको मापदण्ड कार्यान्वयन सम्बन्धमा वनेको गण्डकी प्रदेशका मुख्य मन्त्रीको अध्यक्षतामा रहेको समितिले २०८१ सालमा गरेको नाप, नक्सा एवं सिमांकन गर्ने कार्य टोलीको काम कार्यवाही भु तथा जलाधार संरक्षण ऐन २०२९ , पोखरा महानगरपालिका आर्थिक ऐन २०८१, स्थानिय सरकार संचालन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६, सिमसार निति २०६९, स्थानिय प्रशासन ऐन २०२८, वन ऐन २०७६, गण्डकी प्रदेश सरकारले जारी गरेको वर, पिपल,शमी, चौतारा संरक्षण ऐन २०७५, नेपालको संविधानको धारा ३० , नेपालको संविधानको अनुसूची ८, सिमसार क्षेत्रको संरक्षण सम्बन्धमा सन् १९७१ मा आएको Convention on wetlands of international importance especially as waterful habitat एवं पोखराका ९ वटा तालहरु अन्तराष्ट्रिय रामसार सूचीमा सूचिकृत भएको परिवेशमा सर्बोच्च अदालतले निर्धारण गरेको फेवातालको ६५ मिटर मापदण्ड कार्यान्वयनमा लागिरहेको अबस्थामा मापदण्ड भित्र पर्ने जग्गामा पोखरा महानगरपालिकाको स्विकृत वेगर कोटिहोम ज्ञान महायज्ञ गर्न लागेको भन्ने कुरा जानकारीमा आएपछि तत्कालै पोखरा महानगरपालिका नगर कार्यपालिकाको वैठक वसी सर्ब पक्षको अध्ययन एवं विश्लेषणको आधारमा फेवातालको किनारमा संचालन हुने भनिएको कोटिहोम ज्ञान महायज्ञ गर्नको निम्ती उपयुक्त स्थान नभएको निश्कर्षका आधारमा मिति २०८१।१०।२० को ४२ औं नगरकार्यपालिकाको वैठकबाट भएका निर्णयहरु कार्यान्वयन गर्न गराउन विपक्षी लगायत सम्पूर्ण सरोकारवाला निकायमा पत्राचार भई सकेको हुँदा कुन कार्य कुन स्थानमा हुन उपयुक्त हुन्छ भन्ने कुरामा अध्ययन विना हुन लागेको महायज्ञ संचालनमा कानून वमोजिम वाहेक रोक नलगाउनु भन्ने यस अदालतको अन्तरिम आदेशले फेवातालको किनार र मापदण्डको संवेदनशिलताको विश्लेषण गर्न नसकेको हुँदा आदेश त्रुटीपूर्ण भई रद्ध हुनुपर्ने देखिन्छ।

३. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको कम्पनीले आफ्नो उद्धेश्य बमोजिमका काम गर्नको निम्ती सर्ब प्रथम स्विकृती वा अनुमती लिनुपर्ने विषयमा सम्बन्धीत निकायबाट स्विकृत लिनु पर्ने भन्ने बिपक्षी कम्पनीको प्रवन्धपत्रको दफा ४(२)(३) र नियमावली एवं कम्पनी ऐन २०६३ को दफा ४ को व्यवस्था बमोजिम स्विकृत लिएको भए मात्र कम्पनीसंग कारोवार गर्ने संघ संस्था, व्यक्ति वा कार्यालयले स्विकृत हेरी अन्य काम कार्यवाही गर्नुपर्ने हुन्छ। नेपाल ट्रष्टले आफ्नो जग्गा भाडामा दिनु पुर्व लिने पक्षको सम्बन्धित निकायबाट स्विकृति छ छैन भन्ने सम्बन्धमा हेर्नु पर्नेमा स्विकृति हेरेको देखिदैन भने जग्गा भाडामा लगाएको सम्झौता वदर गर्ने र रुपैया फिर्ता दिने कानूनी व्यवस्था नरहेको भनी पत्राचार गरेको भनेको कार्य कानून सम्मत छैन। यसै गरी पर्यटन उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले समेत कोटिहोम महायज्ञ

संचालन गर्न जग्गा प्रयोगको अनुमती दिदा स्थानिय सरकार संग समन्वय गर्नु पर्ने एवं कम्पनीको अनुमती हेर्नुपर्नेमा समन्वय नगरेको कारण समेतले सहमतीको जग वलियो छैन। पोखरा महानगरपालिका भित्र लामो समय सम्म कोटीहोम गर्नको निम्ती स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११(२)(झ), १८,९७,९९ र ११५ र पोखरा महानगरपालिका आर्थिक ऐन २०८१ को दफा १० र अनूसूचि १२(३)(४) समेतका आधारमा निवेदकले गर्न लागेका प्रकृतिका काम गर्न सिफारीस दिने अधिकार पोखरा महानगरपालिकालाई मात्र रहेको र हाल सम्म महानगरपालिकाले आफ्ना कुनै पनि वडा कार्यालयलाई यस्ता विषयमा अधिकार प्रत्यायोजन नगरेको हुँदा स्थानिय सरकार संचालन ऐनको दफा १२ ले प्रदान नगरेको अधिकार प्रयोग गरी धार्मिक कार्य भनेकै आधारमा कानूनको व्यवस्था नहेरी भावनामा डुवेर अभ्यास र परम्परा विपरित वडा नं. ६ को कार्यालयले दिएको मिति २०८१।०८।०९ को पत्र समेत क्षेत्राधिकारको अभावमा पोखरा महानगरपालिका नगर कार्यपालिकाको ४२ औं बैंठकबाट वदर गरी सो को जानकारी विपक्षीलाई र नेपाल ट्रष्टलाई मिति २०८१।१०।२३ मा, पर्यटन उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयलाई मिति २०८१।१०।२७ मा, पोखरा महानगरका ३३ वटै वडा कार्यालयलाई मिति २०८१।१०।२० मा, डिभिजन वन कार्यालय कास्कीलाई मिति २०८१।१०।२३ मा, जिल्ला प्रशासन कार्यालय कास्कीलाई मिति२०८१।१०।२८ मा पत्राचार गरी सकिएको र जिल्ला प्रशासन कार्यालय कास्कीले आवश्यक सुरक्षा दिन भनी जिल्ला प्रहरी कार्यालय कास्कीलाई मिति २०८१।०८।०९ मा सुरक्षा व्यवस्था मिलाउन भनी गरेको पत्राचार वमोजिमको कार्यवाहि हाल नगर्न भनी मिति २०८१।१०।२८ मा पत्राचार गरी पोखरा महानगरको निर्णय कार्यान्वयन गर्न सहयोग गरेको र हाल पोखरामा रहेका सरकारी एवं सुरक्षा सम्बन्धी कार्यालय तथा विभिन्न वातावरण संग सम्बन्धित संग संस्था हिन्दु धर्म संग सम्बन्धीत संस्था एवं फेवाताल संग सरोकार राख्ने निकायहरुले पोखरा महानगरपालिकाको निर्णय कार्यान्वयन गर्न सहकार्य गरि रहेको हुँदा अव पोखराको फेवाताल किनारामा विपक्षीले गर्ने भनेको कोटीहोम गर्ने उपयुक्त स्थान होईन भन्ने तथ्य स्थापित भईसकेको छ।

४. पोखरालाई पर्यटकिय राजधानी घोषणा गरी यसको सार्थकता पुष्टी गर्न सन् २०२५ लाई पर्यटन वर्षको रुपमा मनाउने निर्णय भई कार्यान्वयनमा गई सकेको अबस्था पोखराको प्रमूख पर्यटकिय गन्तव्यको रुपमा रहेको फेवाताल क्षेत्रमा संसारका धेरै देशहरुवाट विभिन्न धर्मावलम्वीहरु आउने हुँदा त्यस क्षेत्रमा कोटिहोम महायज्ञ गर्दा वढि हो-होल्ला हुने, ध्वनी र वातावरण प्रदुषण हुने, धुँवा गई जलचर, थलचरलाई असर पर्ने, मुख्य पर्यटकको समयमा एउटा धर्मावलम्वीले गर्ने कोटीहोमबाट अन्य धर्मावलम्वीले मनोरन्जन लिन नसक्ने स्थिति देखिएको एवं निवेदक विजय भण्डारीले मिति २०८१।१०।२७ गते गरेको पत्रकार सम्मेलनमा धर्मको नाउँमा अर्धम गर्न तयार रहेको भनी दिएको अभिव्यक्ती सन्चार माध्ययममा आएवाट अन्य अप्रिय घटना

घट्न सक्ने जस्ता सुरक्षा व्यवस्थाका कारण र विशेष गरी फेवातालको मापदण्ड कार्यान्वयनमा काम गर्न रोकावट हुने भएको कारण पोखरा महानगरपालिकाले त्यस स्थानलाई कोटी होमको निम्ती उपयुक्त स्थान नदेखेको हुँदा अनुमती नदिने गरी भएको मिति २०८१।१०।२० को निर्णय कानूनी दृष्टी एवं व्यवहारीक र वातावरणीय तथा फेवा ताल क्षेत्रको संवेदनशिलताको विषयले उपयुक्त रहेको छ।

५. मुलुकी देवानी संहिता, २०७४ को दफा ६ वमोजिम सार्वजनिक हित विपरीत हुने गरी कसैले काम गर्न नपाउने र कानून विपरित कसैले कुनै काम गरेमा अमान्य हुने भन्ने कानूनी व्यवस्था समेतका आधारमा पोखरा महानगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेको विभिन्न कानून र अदालतका फैसलाले संरक्षीत क्षेत्र ठहर गरको फेवातालको किनारामा जसरी भएपनि कोटीहोम गर्ने भनी सम्बन्धीत निकाय पोखरा महानगरपालिकाबाट सिफारीस एवं स्विकृति नलिई जग्गा भाडामा लिएकै कारणले कार्यक्रम संचालन गर्न पाउने भन्ने अर्थमा लिईएको दावी कानून सम्मत छैन। कोटी होमको नाउँमा सदियौं बर्ष देखिका संरक्षित धार्मिक महत्वका वर, पिपल, समी समेतका रुखहरु विना अनुमती कटान गर्ने, कानून हातमा लिने र कसैलाई पनि नटर्ने भन्दै अभिव्यक्ति दिदै कानूनको ठाडो उल्लंघन गर्ने व्यक्तिले संचालन गरेको कम्पनीले स्थानिय सरकार, समाज कल्याण परिषद एवं कानून वमोजिमका निकायबाट स्विकृत लिएको नदेखिएको हुँदा कसैले जग्गा भाडामा लिदैमा वा जग्गा खरिद गर्दैमा विना अनुमती काम गर्न पाईने भन्ने अर्थ लगाई जवरजस्ती गर्न खोजिएको कार्यको परिणाम राम्रो नआउने संकेत समेत देखिएको परिवेशमा सुरक्षा संवेदनशिलतालाई समेत मध्येनजर गरी पोखरा महानगरपालिकाबाटभएको निर्णय व्यवहारीक एवं कानून सम्मत छ।

६. तसर्थ पोखराको फेवाताल किनारा एवं अदालतका फैसलाले तोकेको ६५ मिटर मापदण्ड क्षेत्र अत्यन्त संवेदनशिल क्षेत्र रहेको र वर्तमान अबस्थाम मापदण्ड कार्यान्वयनको कामको थालनी भएको हुँदा काममा अवरोध पुऱ्याउने, वातावरणमा असर पार्ने, पर्यटकहरुलाई असुविधा हुने, पर्यटन वर्षका कार्यक्रम संचालनमा अवोरध हुने, देखिएको कारण सर्वपक्षीय मुल्यङकन र समग्र पोखरेलीको भावना एवं सम्बद्ध निकायको राय परामर्श र आसयका आधारमा पोखरा महानगरपालिकाबाट मिति २०८१।१०।२० मा भएको निर्णय बमोजिम फेवाताल किनारामा निवेदकले आयोजना गर्न लागेको भनेको कोटिहोम विराट ज्ञान महायज्ञको सम्बन्धमा हाल सम्म कुनै ठूलो र प्रभावग्राही तयारी नरहेको अवस्था मौकैमा महानगरपालिकाले गरको निर्णयले विपक्षलाई कुनै असर पर्ने एवं ठुलो क्षति हुने अबस्था पनि नरहेको र फेवातालको किनारा एवं संरक्षित क्षेत्र वाहेक अन्यत्र उपयुक्त स्थानमा यस्ता प्रकृतिका यज्ञ गर्ने चाहना भएमा उक्त धार्मिक कार्यमा समर्थन एवं सहयोग गर्न पोखरा महानगरपालिका जहिले पनि तयारै रहेको हुँदा निवेदकले त्यस स्थानमा कुनै तयारी वा काम नगरेको अबस्थामा कसैलाई पत्राचार गरेको भएमा पोखराकै अन्य क्षेत्रमा कोटिहोम गर्दा कुनै हानी नोक्सानी नहुने भएकोले स्थान परिवर्तन गर्न सकिने अबस्था समेत हुँदा अहिलेनै विपक्षीलाई कुनै क्षति

नभएको कारण समेतले पोखरा महानगरपालिबाट अनुमती लिनुपर्ने कानूनी व्यवस्था विपरीत अनुमती नलिई गर्न खोजेको विराट कोटिहोम ज्ञान महायज्ञ संचालनमा कनून वमोजिम वाहेक वाधा अवरोध उत्पन्न नगर्नु नगराउनु भनी यस अदालतबाट एक पक्षिय सुनुवाईको आधारमा भएको मिति २०८१।११।१ को अन्तरिम आदेश रद्ध गरी पाउँ ।

७. निम्नानुसारको प्रमाण कागजात पेश गरीएको छ।

क) अख्तियारी निर्णयको प्रतिलिपी थान-१,

ख) मिति २०८१।१०।२० गतेको ४२ औं कार्यपालिकाको निर्णयको प्रतिलिपी -१

ग) पोखरा म.न.पा.वाट प्रेसित विभिन्न पत्रहरु थान-५

घ) जिल्ला प्रशासन कार्यालय कास्कीले जिल्ला प्रहरी कार्यालय कास्कीलाई पठाएको पत्रको प्रतिलिपी थान-१

८. यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउँला।

निवेदक

निज:वा. सोमनाथ लम्साल-१

इति सम्वत २०८१ साल फागुन महिना १२ गते रोज २ शुभम् ........................................................